नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ती

**भारत पलिया खिरी घर भई हाल जिल्ला धनगढी उ.म.न.पा.-१ बस्ने वर्ष २५ को अतुल वर्मा र निजका एकाघरका वाबु जिल्ला धनगढी उ.म.न.पा.-१ स्थित शिवम् सुनचाँदी पसलका प्रो. सुशिल कुमार राजपुत समेतले सुनचाँदीको भन्सार चोरी पैठारी समेत गरी राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन समेत गरेको अभियोगमा ८ करोड ६ लाख विगो कायम गरी कैलाली जिल्ला अदालतमा मिति २०७६।०७।०४ गते मुद्दा दायर।**

प्रतिवादी अतुल वर्माले आफ्ना एकाघरका बुवा सुशिलकुमार राजपुतको नाममा दर्ता भएको शिवम् सुनचाँदी पसलको आडमा भन्सार चोरी पैठारी गरी नेपाल ल्याएको सुन चाँदीहरु काठमाण्डौबाट अवैध रुपमा विना विल विजक खरीद तथा विक्री वितरण गरी त्यसको कारोबारबाट प्राप्त भएको रकम प्रतिवादी अतुल बर्माको बैक खातामा जम्मा गरी शिवम् सुनचाँदी पसलको कारोबार समेत न्यून देखाई आयकर समेत छली भन्सार चोरी पैठारी गरी भन्सार राजस्व तथा आयकर समेत चुहावट गरेको कसुरमा निजको बैंक स्टेटमेन्टमा देखिएको रकम रु. ७,५१,२८,४४८।९१ र सो लाई पुष्टी गर्ने गरी सोही रकम वरावरको सुनचाँदीको कारोबार गरेको निजको मोवाइलमा देखिएको तस्वीर समेतबाट पुष्टी भएको र उक्त कारोबारमा प्रचलित आयकर ऐन, २०५८ बमोजिम तिर्नु वुझाउनु पर्ने आयकर रु. २९,७९,७८६।७७ समेत कम गरि तिरे वुझाएको र निजबाट वरामद भारु समेतबाट हुने ने.रु. २९,८०,४५०।- समेत गरी जम्मा **रु. ८,०६,०८,२३५।६८ (अक्षेरेपी आठ करोड छ लाख आठ हजार दुई सय पैंतिस रुपैया अठसठ्ठी पैसा)** राजश्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ को दफा २(छ१) बमोजिम विगो कायम गरी उक्त विगो असुल उपर गराई सोही ऐनको दफा २३ (१) बमोजिम दोब्बरसम्म जरिवाना र ३ वर्षसम्म कैद सजाय हुनका साथै वारदातका बखत बरामद भएको UP31AK7348 नम्बरको कार लगायतका मालवस्तुहरु सोही ऐनको, दफा ३३ बमोजिम जफत हुनका साथै प्रतिवादी अतुल वर्मासंग भारतबाट नेपाल आउदै गर्दा वरामद भएको भा.रु. ३,००,०००।- भरतीय मुद्रा र नेपाली रुपैया २५,००,०००।- समेत गरी हुने जम्मा ने.रु. २९,८०,४५०।-निज प्रतिवादीहरुले विदेशी विनिमय (नियमीत गर्ने) ऐन, २०१९ विपरीत कसुर समेत गरेको देखिदा सोही ऐनको दफा १७(१) बमोजिम बरामद विगो जफत गरी ३ गुणा सम्म सजाय हुन समेत मागदावी लिई कैलाली जिल्ला अदालतमा मिति २०७६।०७।०४ गते मुद्दा दर्ता गरिएको ।